नरैनापुर गाँउपालिका बाँकेको आर्थिक वर्ष २०८२/८३ को लागि उपाध्यक्ष जयन्ती देवी श्रीवात्सव ज्यूको तर्फबाट कार्यपालिका सदस्य श्री प्रेमचन्द्र मौर्यले गाँउसभाको अधिवेशनमा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

नरैनापुर गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
नरैनापुर , बाँके
बजेट वक्तव्य – २०८२/०८३

नरैनापुर गाँउपालिकाको १८औ गाँउसभाका आदरणीय अध्यक्ष ज्यू ,

यस गरिमामय गाँउसभामा उपस्थित गाँउसभाका सदस्य ज्यूहरु , सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी, तथा उपस्थित सम्पूर्ण दिदि बहिनी तथा दाजु भाइहरु ।

१) गाँउपालिकको सम्मानित गाँउसभा समक्ष गाँउपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम पेश गर्न पाउदा अत्यन्त गर्व महसुश गरिरहेको छु ।

२) यस अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । जनआन्दोलन तथा सशस्त्र युद्धका घाइते योद्धा , द्धन्द्ध पीडित तथा संघीय शासन स्थापना गर्न अहम भुमिका खेल्ने मधेस आन्दोलनका सम्पूर्णमा उच्च सम्मान तथा स्मरण गर्न चाहन्छु ।

३) संघात्मक शासन व्यवस्था सहितको राज्यको पुन : संरचना पश्चात संविधानत गठित स्थानीय सरकारको रुपमा गाँउपालिकाले आफ्नो दोश्रो निर्वाचित कार्यकालको तेस्रो वर्ष व्यतित गरिसकेको छ । नेपालको संविधानको अनुसुची ८ मा रहेको स्थानिय तहको एकल अधिकार र अनुसुची ९ मा रहेको तीनै तहको साझा अधिकार सुची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको मर्म र भावना अनुरुप नेपाली जनताको दिगो शान्ती सुशासन , विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न नरैनापुर गाँउपालिकाले सामाजिक , भौतिक ,राजनीतिक , आर्थिक ,न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले संचालन गर्दै आएको कुरा सम्मानित गाँउसभा समक्ष जानकारी गराउन चाहन्छु ।

४) यस वर्षको बजेटमा हामिले शिक्षा स्वास्थ्य रोजगारी कृषि तथा पशु क्षेत्रको विकास उद्यम प्रवर्द्धन तथा पूर्वाधार विकास, विपद व्यवस्थापन ,पर्यटन सूचना तथा संचार लैगींक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा ,न्याय तथा मेलमिलाप साथै शिक्षक तथा कर्मचारीहरुको उत्प्रेरणा तथा क्षमता अभिवृद्धिलाई प्रथामिकतामा राखी आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाएका छौ ।

५) नेपालको संविधान, नेपाल सरकारको चालू १६ औ आवधिक योजना, दिगो विकासका लक्ष्य , लुम्बिनी प्रदेश सरकारको आवधिक योजना ,स्थानीय सरकार सञ्चाल ऐन , २०७४ , स्थानीय तहको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र नरैनापुर गाँउपालिकाको आगामी आ. व. को नीति तथा कार्यक्रम तथा सरोकारवालाबाट विभिन्न समयमा प्राप्त भएको सुझाव / राय लाइ मनन गर्दै आ.व. २०८२/८३ को बजेट तर्जुमा गरेको छु ।

६) चालु आ.व. २०८१/८२ हाम्रो लागि समग्रमा औषत रह्यो कुल बजेट रु ५८ करोड ७० लाख ४७ हजार मध्ये चालू तर्फ ९१.२७ प्रतिशत र पुजिगत तर्फ ६२.५८ प्रतिशत बजेट खर्च भयो । विषय क्षेत्रगत रुपमा सबैभन्दा बढी प्रगती कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च क्षेत्रको रह्यो भने सबैभन्दा कम भौतिक पूर्वाधार क्षेत्रको रह्यो । संघ तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने अनुदान तथा राजश्व बाँडफाँड

बापतको रकम तोकिए भन्दा कम प्राप्त हुनु र समयमै प्राप्त हुन नसक्नु जस्ता कारक तत्व गाँउपालिकाको निर्धारित लक्ष्य हाँसिल गर्ने सन्दर्भमा बाधक रहे । उल्लिखित अवस्थाका बाबजुद समेत आफ्नो सम्पूर्ण उर्जाका साथ खटीइ उल्लेखनिय प्रगति हाँसिलको यो अवस्था सम्म पुर्याउनु हुने सभाकासदस्य, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्णमा आभार व्यक्त गर्दछु ।

सभाका अध्यक्ष ज्यू ,

अब म आगामी आ.व. २०८२/८३ को बजेटका उद्देश्य तथा प्रथामिकता प्रस्तुत गर्न चाहन्छु ।

बजेटका उद्देश्यहरु

- गाँउपालिकाको आर्थिक, सामाजिक तथा भौतिक विकास गरी समग्र विकास मार्फत समृद्धि हाँसिल गर्ने ,
- आर्थिक वृद्धिलाई दिगो, समावेशी र उच्च बनाउदै उत्पादन र उत्पादकत्व बृद्धि गर्न,
- गुणस्तरिय सार्वजनिक सेवा प्रवाह गर्दै सुशासन प्रबर्द्धन गर्ने,
- सामाजिक सुरक्षा एवं सरक्षण मार्फत सामाजिक न्याय कायम गर्ने,

बजेटका प्रथामिकताहरु

- रोजगारी र उद्यम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि,
- गुणस्तरिय भौतिक विकासमा लगानी,
- सामाजिक सुरक्षाको सुनिश्चितता,
- नागरिक एवं सेवाग्राही मैत्री सेवा मार्फत सुशासन,

सभाका आदरणीय अध्यक्ष मोहदय,

अब म यस गाँउसभामा आगामी आ.व. २०८२/८३ मा हुने अनुमानित आयको विवरण प्रस्तुत गर्न चाहन्छु :-

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु ११ करोड ०२ लाख , सशर्त अनुदानको चालु तर्फ रु १९ करोड तथा पुजिगत तर्फ ६ करोड गरी जम्मा रु २३ करोड ४९ लाख, विशेष अनुदान पुँजीगत तर्फ रु ६९ लाख , समपूरक अनुदान तर्फ रु ८६ लाख प्राप्त भएको छ । यस्तै प्रदेश सरकार बाट वित्तिय समानीकरण अनुदान रकम रु ७४ लाख १० हजार , सशर्त अनुदान तर्फ रु १ करोड २० लाख र विशेष अनुदान तर्फ रु २० लाख प्राप्त भएको छ । यस्तै नरैनापुर गाँउपालिकाको आन्तरिक राजश्व श्रोत अन्तरगत कर र गैरकर गरी जम्मा रु ४० लाख आय हुने प्रक्षेपण गरेको छु । संघीय सरकार , प्रदेश सरकार बाट प्राप्त अनुदान , राजश्व बाँडफाँड तथा पालिकाको आफ्नै आन्तरिक स्रोत गरी कुल रु ५१ करोड ६३ लाख ३८ हजार रुपैया मात्र अनुमान गरिएको बेहोरा यस सम्मानित गाँउसभामा अवगत गराउन चाहन्छु । चालू आ.व. मा खर्च हुन नसकी बैंक मौज्दात रहेको रकम माथि उल्लिखित बजेट आकारमा समावेश गरिएको छैन । उक्त रकम यसै बजेटको अंश भैजाने बेहोरा समेत अनुरोध गर्न चाहन्छु ।

- गाँउपालिकामा प्राप्त संघीय सरकारको राजश्व बाँडफाँडको रकम रु १२ करोड ४५ लाख र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु ५२ लाख २८ हजार गरी जम्मा रकम रु १२ करोड ९७ लाख २८ हजार बाट गाँउकार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक प्रशासनिक खर्च ,जनप्रतिनिधिहरुको सेवा सुविधा तथा विद्यालय शिक्षा कार्यक्रम खर्चमा हुने गरी व्यवस्था मिलाएको छु ।
- गाँउपालिकामा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान बापत प्राप्त चालू तर्फको रु २३ करोड ४९ लाख र प्रदेश सरकारबाट प्राप्त रु १ करोड २० लाख सम्बन्धित खर्च शिर्षक र क्रियाकलापमा संघ तथा प्रदेश सरकारको मापदण्ड बमोजिम खर्च हुने बेहोरा अनुरोध गर्दछु ।
- संघीय सरकार समपूरक अनुदान तर्फ प्राप्त रकम रु ८६ लाखबाट हुलाकी सडक देखि गंगापुर स्वास्थ्य चौकी जाने बाटो निर्माण हुने गरी विनियोजन गरेको छु । संघीय सरकार विशेष अनुदान तर्फ रु ६९ लाख आदर्श मा.वि नरैनापुर -०२ को भवन निर्माणको लागि विनियोजन गरेको छु ।
- प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको रकम रु २० लाख बजेट नरैनापुर गाँउपालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयको शैक्षिक क्रियाकलापलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन स्मार्ट डिजिटल वोर्ड जडान तथा विस्तार गर्ने गरी विनियोजन गरेको छु ।
- संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु ११ करोड ८ लाख र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रकम रु ७४ लाख १० हजार गरी जम्मा रकम रु ११

करोड ८२ लाख १० हजारलाई नरैनापुर गाँउपालिकाका वडा तर्फबाट स्थानीय वस्ती/टोल स्तरमा छनौट भइ आएका योजनाहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी एकमुष्ट रु ३ करोड विनियोजन गरेको छु । पालिकास्तरिय योजनाहरु कार्यान्वयन गर्न रु ३ करोड विनियोजन गरेको छु ।

- नरैनापुर गाँउपालिका अन्तरगत रहेका विभिन्न विषयगत क्षेत्रको विकास निर्माणका योजना/कार्यक्रम कार्यान्वयनका लागि विषयगत समिति तर्फ रु ३ करोड ०५ लाख बजेट विनियोजन गरेको छु । जसमध्ये सामाजिक विकास तर्फ रु १ करोड ,आर्थिक विकास तर्फ रु ५० लाख,पूर्वाधार तर्फ रु १करोड ,सुशासन तथा संस्थागत विकास तर्फ रु १५ लाख र वन, वातावरण तथा विपद व्यवस्थापन समिति तर्फ स्थानीय विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी रु ४० लाख विनियोजन गरेको छु ।
- पूर्वाधार विकास तर्फ पुजिगत सम्पत्तिको नियमित मर्मत सम्भार ,सार्वजनिक सम्पत्तिको मर्मत सम्भारमा हुने खर्चको रकम आवश्यक बजेट विनियोजन गरेको छु ।
- चालू आ.व. मा सृजित चालू तर्फ भुक्तानी बाँकीको प्रमाणित कच्चावारीको आधारमा दायित्वको भुक्तानीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- नरैनापुर गाँउपालिका वडा न ४ मा निर्माणाधिन प्रशासकीय भवन र वडा नं ४ मै रहेको १५ सैयाको अस्पताल निर्माण यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ, सोका लागि निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने बाँकी रकम आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारा कार्यान्वयन गर्न गाँउपालिका स्तरिय अध्यक्ष कप तथा राष्ट्रपत्ति रनिङ् सिल्ड सञ्चालन गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।
- नरैनापुर गाँउपालिका वडा नं २ मा दुग्ध विकास संस्थानको प्राविधिक तथा आर्थिक सहयोगमा दुग्ध चिस्यान केन्द्र स्थापना गरिने छ । सो केन्द्र सञ्चालनार्थ प्रशासनिक तथा व्यवस्थापकीय खर्च गाँउपालिकको तर्फबाट बेहोर्ने गरी व्यवस्था गरेको छु । नरैनापुर गाँउपालिकामा रहेका गाइपालक तथा भैसी पालक कृषकहरुलाई दुग्ध पदार्थ उत्पादनमा प्रोत्साहन गर्न किसानको उत्पादित दुधको प्रति लिटरमा अनुदान हुने गरी बजेट व्यवस्था गरेको छु ।
- आर्थिक रुपले विपन्न जेष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति ,एकल महिला, बालबालिका ,दलित , आदिवासी / जनजाति ,लोपउन्मुख र सीमान्तकृत समुदायका नागरिकहरुलाइ उपचार खर्चमा सहुलियत प्रदान गर्न गाँउपालिकाको स्वीकृत कार्यविधि बमोजिम खर्च हुने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाँउपालिकालाई पर्यटकीय क्षेत्रको हवको रुपमा स्थापित गर्न स्थानीय मेला महत्वस तथा धार्मिक स्थलहरुलाई संरक्षण एव प्रवर्द्धन गरिने छ ।

- राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि आमसञ्चार क्षेत्र र नागरिकलाई जोडने कार्यक्रम नेपाल पत्रकार महासंघ संगको सहकार्यमा सञ्चालन गरिने छ ।
- महिला हिंसा तथा बालबिबाह न्युनिकरणका लागि महिला संग गाँउपालिका उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ ।
- गाँउपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा आवश्यक बजेट विनियोजन गरेको छु । योजना निर्माण तथा स्रोतको परिचालनका समग्र प्रक्रियाको अनुगमन तथा मुल्याङ्कन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवास सहितको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने छ । अन्तरपालिका समन्वय तथा भ्रमण मार्फत असल अभ्यास अनुसरण गरी सुशासनमा टेवा पुर्याउने उद्देश्यले आवश्यक बजेट विनियोजन गरेको छु ।
- न्यायिक समिति संचालन तथा नि :शुल्क कानूनी परामर्श सेवा संचालन गर्न, कानूनी प्रतिरक्षाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- कार्यालयको लागि संघ तथा प्रदेश सरकारको तर्फबाट समय समयमा प्राप्त निर्देशन तथा परिपत्र कार्यान्वयनका लागि सृजना हुने व्ययभार बेहोर्ने गरी बजेट विनियोजन गरेको छु ।
- संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोष मा फिर्ता गर्नुपर्ने दायित्वका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- गाँउपालिका अन्तरगतका विभिन्न कोष खाताहरुमा शोधभर्ना गर्नेगरी सृजना भएका दायित्वहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- संघ तथा प्रदेस सरकार मातहत रही यस गाँउपालिका अन्तरगत स्थापना भएका कार्यालयको प्रभावकारीता अभिवृद्धि गर्दै नरैनापुरबासीलाई सहज सार्वजनिक सेवामा पहुँच स्थापना गर्न र सुशासनको अनुभुती गर्न ती संस्थाहरुको सवलीकरण तथा संचालनका लागि सिर्जना भएको दायित्व, कार्यपालिकाबाट निर्णय भई भुक्तानी हुने गरी रु १.२५ करोड आवश्यक बजेट विनियोजन गरेको छु ।

अन्तमा, यस बजेट तथा कार्यक्रममा समावेश गरिएका प्रस्तावित चालू प्रशासनिक तथा कार्य संचालन खर्च र क्षेत्रगत सिमा अनुसार विनियोजित सम्पूर्ण विवरण संलग्न LMBIS बमोजिम हुने बेहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । बजेट बक्तव्य तयारीको क्रममा अहोरात्र खटीइ साथ सहयोग गर्नुहुने बजेट तथा कार्यक्रम तर्जुमा समितिका सबै सदस्य, राजश्व परामर्श समितिका सबै सदस्य , स्रोत अनुमान तथा सीमा निर्धारण समितिका सबै सदस्य, गाँउपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु , राष्ट्रसेवक कर्मचारीहरु, र सरोकारवाला सम्बद्ध सबैमा हार्दिक आभार एव धन्यबाद प्रकट गर्दछु । बजेटको प्रभावकारी कार्यान्वयनमा रचनात्मक सहयोगका लागि सबैमा अपिल गर्दछु ।

प्रमेचन्द्र मौर्य

कार्यपालिका सदस्य

नरैनापुर गाँउपालिका, नरैनापुर, बाँके ।